म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र


# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ३२७ २०८१ कार्तिक १३ गते मंगलबार 29 October 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-




## समस्याग्रस्त सहकारी व्यवस्थापन समिति नै समस्यामा

# कार्यालयमा सिए, अर्थ विज्ञ र कानुन अधिकृत छैन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले सहकारी समस्या समाधान गर्न काठमाडौंस्थित अनामनगरमा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय खडा गरेको छ । उक्त समितिले हाल एक सहकारीको व्यवस्थापनको काम अघि बढाइरहेको छ । गत असार १० मा कार्यालय स्थापना गरेर काम थालेको उक्त समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले गत साउनबाट मात्र औपचारिक रुपमा काम थालेको थियो । १४ जना कर्मचारीको दरवन्दी कायम गरी काम सुरु गरेको सो समितिले हाल समस्याग्रस्त घोषणा गरिएको सिभिल सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडको व्यवस्थापनको काम गरिरहेको छ ।

सहकारी समस्या हल गर्न गठित समिति नै समस्यामा देखिएको छ । समितिले पूर्णता नपाउँदा समस्या देखिएको छ । गत पुसमा गठन भएको उक्त समितिले अझै अपूर्ण नै रहेको छ । समितिमा ६ सदस्य रहने व्यवस्था रहेको छ । तर, हाल ३ जना मात्र सदस्यहरु नियुक्त हुन सकेका छैनन् । विशेषगरी विज्ञका रुपमा रहने २ र अर्को एक सदस्य नियुक्त हुन बाँकी रहेको छ । समितिमा गत पुस २२ गते बसेको मन्त्रिपरिषद् बैठकबाट प्रदेश सहकारी ऐन २०७६ को दफा ८२ को १ बमोजिम समिति गठन गरी ३ जना सदस्य नियुक्त गरिएको थियो । जसमा काठमाडौंका प्रशान्त अधिकारी र यज्ञनाथ दाहाल, मकवानपुरका यतिराज सापकोटा हुनुहुन्छ । समितिको नेतृत्व अधिकारीले गर्नुभएको छ । समितिमा एक सिए र एक अर्थ विज्ञका रुपमा बैकिङ क्षेत्रका व्यक्ति नियुक्त गर्नुपर्ने हुन्छ । तर, प्रदेश सरकारले विज्ञका रुपमा रहेका २ सदस्य अझै नियुक्त गर्न सकेको छैन । जसका कारण समितिलाई काम अघि बढाउन कठिनाई भएको छ ।

यता समितिको कार्यालयमा कानुन अधिकृतको दरवन्दी रिक्त रहेको छ । कानुनी विषयहरुमा अन्य कार्यालय र निकायसँग समन्वय गर्न पनि समितिलाई कठिनाई भइरहेको छ । समितिमा १४ जनाको दरवन्दी रहेकोमा हाल कार्यालय सहयोगीसहित ६ जना मात्र कार्यरत छन् । समितिमा कानुन अधिकृत नहुँदा कानुनी विषयहरुको विश्लेषण र आवश्यक राय लेख्न पनि समितिलाई कठिन भइरहेको छ ।

आइतबार मात्र प्रदेश सरकारले काठमाडौंको कीर्तिपुरस्थित दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त सहकारी घोषणा गरेको छ । सो सहकारीको विषयमा पनि उक्त कार्यालयले छानविन गरी व्यवस्थापनको प्रक्रिया अघि बढाउने छ । सिभिलको विषयमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सीआइवी)ले अनुसन्धान गरेको प्रतिवेदनका आधारमा बचतकर्ताको अद्यावधिक गर्ने काम अघि बढाएको छ । समितिको सदस्य-सचिव रहेका महेश आचार्यका अनुसार कार्यालयले ३५ दिने सूचना जारी गरेर बचतकर्ताको विवरण अद्यावधिक गर्ने काम गरिरहेको छ ।

समितिले गत असोज २२ मा बचतकर्तालाई सम्पर्कमा आउन ३५ दिने सूचना जारी गरेको उहाँले जानकारी दिनुभयो । उक्त सूचनाका आधारमा बचतकर्ताहरु प्रमाणसहित रकम फिर्ताको

...बाँकी पृष्ठ ३ मा

## खैरो हेरोइनसहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः लागुऔषध खैरो हेरोइनसहित २ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । आइतबार राती २ बजेर ३० मिनेटको समयमा प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका-७ का ४१ वर्षीय दामोदर लुईटेल र १८ वर्षीय सन्देश राज धामीलाई २ सय २२ ग्राम २६ मिलिग्राम लागुऔषध खैरो हेरोइनसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

काकडभिट्टाबाट हेटौंडा हुँदै काठमाडौंतर्फ जाँदै गरेको बागमती प्रदेश ०१ ००६ ख ७४४३ नम्बरको यात्रुबाहक बसलाई रोकेर सुरक्षाजाँच गर्दा लागुऔषधसहित लुइटेल र धामीलाई पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ । मकवानपुर जिल्ला अदालतबाट १५ दिनको म्याद अनुमति लिई लुइटेल र धामीलाई हिरासतमै राखेर अनुसन्धान सुरु गरिएको प्रहरीले जानकारी दिएको छ ।

## अवैध चाँदीसहित भारतीय नागरिक पक्राउ

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट अवैध चाँदीसहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत बिहार राज्यका ४८ वर्षीय मनोज कुमार झा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

आइतबार राती ११ बजेको समयमा विशेष सूचनाको आधारमा प्रहरी चौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरी टोलीले पथलैयातर्फबाट हेटौंडातर्फ आउँदै गरेको ना ६ ख ७२६२ नम्बरको यात्रुबाहक बसलाई रोकी सुरक्षाजाँच गर्दा झाको साथबाट अवैध चाँदी बरामद गरेको थियो । झाले शरीरको छातीमा फल्स बटम बनाई ल्याएको ३२ थान चाँदीको मूर्तिहरु (२ किलो १९६ ग्राम) बरामद गरेको थियो । सोमबारको बजार मुल्य अनुसार ३ लाख ६६ हजार ५ सय ४९ रुपैयाँ बराबरको चाँदीको मूर्तिहरु बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । चाँदीको मूर्तिहरुसहित झालाई नियन्त्रणमा लिई थप अनुसन्धान तथा कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया पठाइएको प्रहरीले जानकारी दिएको छ ।



समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

## सम्पादकीय

# अख्तियारमा उजुरीको चाङ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडा कार्यालयले बागमती प्रदेशका प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेश गरेको छ । बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटासमक्ष आइतबार आयोगको हेटौंडा कार्यालयका प्रमुख उमाकान्त आचार्यले वार्षिक प्रतिवेदन पेश गरेका हुन् । नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आयोगले गत आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरेका काम कारवाहीहरु समेटेर तयार गरिएको ३४ औं वार्षिक प्रतिवेदन पेश गरिएको हो । प्रतिवेदनमा गत आर्थिक वर्षभित्र २६ हजार ९१८ नयाँ र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएको ९ हजार २६८ समेत ३६ हजार १८६ उजुरी प्राप्त भएको छ । ती उजुरीमध्ये २७ हजार ७१४ उजुरी स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएको प्रतिवेदनमा उल्लेख छ । फछ्र्यौट गरेका उजुरीहरुमध्ये १३ हजार ५ सय वटा उजुरीहरु आयोगको क्षेत्राधिकारभित्र नपरेका, गोलमटोल प्रकृतिका, हैरानी वा दु:ख दिने नियतका र कुनै तथ्य प्रमाणबिनाका ज्यादै सामान्य प्रकृतिका तामेली गरिएको प्रतिवेदनमा समावेश गरिएको छ ।

आयोगबाट फछ्र्यौट भएकामध्ये ९३२ वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय गरिएको छ भने ४९६ उजुरीउपर सुझाव दिई तामेली गरिएको र १२ हजार ७८६ उजुरीउपर कानुनबमोजिम अन्य आवश्यक कारवाही गरिएको छ । फछ्र्यौट हुन बाँकी रहेका ८ हजार ४७२ उजुरीहरु चालु आर्थिक वर्ष २०८१/८२ मा सरेको छ । आयोगको हेटौंडा कार्यालयले आर्थिक वर्ष २०७९/०८० बाट जिम्मेवारी सरेर आएकासमेत ३ हजार १५३ वटा उजुरीमध्ये २ हजार २४२ उजुरीहरु फछ्र्यौट गरेको प्रतिवेदनमा उल्लेख छ । कार्यालयमा सबैभन्दा बढी उजुरी संघीय मामिला तथा स्थानीय तहका ३८.७६ प्रतिशत, शिक्षा (स्थानीय तहसमेतका) १२.५२ प्रतिशत रहेका छन् । आर्थिक वर्ष २०८०/०८१ मा आयोगबाट दायर भएका २०१ मुद्दाहरुमध्ये सबैभन्दा बढी ५८ मुद्दा गैरकानुनी लाभहानीसम्बन्धी रहेका छन् भने घुस रिसवतसम्बन्धी ४८ वटा मुद्दाहरु रहेका छन् । दायर गरिएका मुद्दामा १ हजार ५४५ जनालाई प्रतिवादी बनाई ८ अर्ब ४० करोड ६ लाख ४९ हजार ४०७ रुपैयाँ बिगो मागदावी लिइएको छ । आर्थिक वर्ष २०८०/८१ मा विशेष अदालतबाट २३३ वटा मुद्दाहरुको फैसला भएको छ ।

आयोगको प्रतिवेदनले भ्रष्टाचारको उजुरीको तुलनामा ज्यादै कमलाई कारबाही हुने गरेको देखिएको छ । गत आर्थिक वर्ष ३६ हजार उजुरी परेकोमा ९३२ वटा उजुरीउपर विस्तृत अनुसन्धान गरिनुले उजुरीमात्रै बढी पर्ने गरेको पुष्टि हुन्छ । गत आर्थिक वर्ष जम्मा २ सय वटा उजुरीलाई मात्र अख्तियारले विशेष अदालतमा मुद्दा दायर गर्नुले उजुरीको तुलनामा कारबाही नगन्यजस्तै बनिरहेको मान्न सकिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बेनामे उजुरीसमेत दिन सकिने व्यवस्था रहेका कारण कसैलाई दु:ख दिनकै लागि समेत उजुरी पर्ने गरेको पाइन्छ । उजुरी परेपछि छानविन गर्नुपर्ने बाध्यता आयोगलाई पनि छ । उजुरीकै आधारमा भ्रष्टाचार प्रमाणित नहुने भएकाले आयोगमा आएका सबै उजुरीको आयोगले छानविन र अनुसन्धान गर्दछ । तर, अधिकांश उजुरी आयोगको क्षेत्राधिकारभित्र नपर्ने, हैरानी वा दु:ख दिने नियतले दिएका, गोलमटोल र तथ्य प्रमाणबिनाका हुने गरेका छन् ।

मुलुक भ्रष्टाचारको दलदलमा फसेको जगजाहेर छ । अधिकांश विकास निर्माणका काममा धेरै अनियमितता र भ्रष्टाचार हुने गरेको छ । विकास निर्माणको कामको जिम्मा लिएका निर्माण कम्पनी वा उपभोक्ता समिति अनि कामको अनुगमन र नियमन गर्ने कर्मचारीबाटै धेरैजसो भ्रष्टाचार हुने गरेको छ । कुनै न कुनै राजनीतिक दलमा आवद्ध भएपछि अनियमितता गर्नेलाई दलले संरक्षण गर्ने परिपाटीले भ्रष्टाचार मौलाएको हो । आफूले काम गर्न नपाएको झोकमा पनि अनियमितता भएको भन्दै उजुरी दिने क्रम बढेको छ । व्यक्तिगत स्वार्थ, राजनीतिक आस्था, प्रतिस्पर्धाजस्ता कारणले जोकोहीले भ्रष्टाचार गरेको भन्दै अख्तियारमा उजुरी दिने क्रमले उजुरीको चाङमात्र बढाएको छ । आयोगमा आएका उजुरीमध्ये एक प्रतिशतमात्र मुद्दा दायर गर्नुपर्ने प्रकृतिका हुनुले उजुरी दिने/लिने पद्वतिलाई प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : दाजुभाइसँगको सम्बन्धमा आँच आउने छ । |
| वृष | : राजनैतिक र परोपकारजन्य काममा सरिक । |
| मिथुन | : कार्यक्षेत्रमा थुप्रै अवसरहरु देखापर्ने समय छ । |
| कर्कट | : सामाजिक र धार्मिक कार्यमा सरिक भइने छ । |
| सिंह | : धार्मिक र परोपकारजन्य काममा सरिक भइने छ । |
| कन्या | : अध्ययन– अध्यापनका क्षेत्रहरु सफल रहनेछन् । |
| तुला | : सामाजिक र धार्मिक कृत्यमा लाभ प्राप्त होला । |
| वृश्चिक | : पढाइ–लेखाइ मध्यमकारक रहने योग छ । |
| धनु | : सामाजिक तथा धार्मिक कार्यमा सरिक भइने छ । |
| मकर | : सिर्जनात्मक र रचनात्मक कार्यबाट लाभ प्राप्त । |
| कुम्भ | : साहित्यिक कार्यमा झुकाव बढ्ने योग छ । |
| मीन | : अध्ययन– अध्यापनमा मन जाने समय छ । |

# तिहार र म





✍ **सिएम रिमाल**

तिहार नेपालमा मनाइने प्रमुख चाडहरूमध्ये एक हो, जसलाई दीपावली पनि भनिन्छ । यो चाड पाँच दिनसम्म धुमधामका साथ मनाइन्छ र यसको सांस्कृतिक, धार्मिक र सामाजिक महत्व धेरै गहिरो छ। तिहारले मुख्यतय पशुपंक्षी, मानिस र देवताहरूप्रतिको श्रद्धा र सम्मानलाई मूर्तरूप दिन्छ ।

### तिहारको प्रत्येक दिनले फरक सांस्कृतिक परम्परा र धार्मिक मान्यता झल्काउछ :

**काग तिहार** : यो दिन कागलाई सन्देशवाहक मान्दै पूजिन्छ । कागलाई यमराजको प्रतिनिधि मानिन्छ र उसको पूजा गरेर हामी आफूमाथि आउने कुनै अनिष्ट टार्न सकिन्छ भन्ने मान्यता छ ।

**कुकुर तिहार** : दोस्रो दिन कुकुरलाई पूजा गरिन्छ। कुकुरलाई धर्मराजको वाहन मानिन्छ र उसको स्नेह र सुरक्षा क्षमता सम्मान स्वरूप पूजा गरिन्छ ।

**गाई तिहार र लक्ष्मी पूजा** : तेस्रो दिन गाईको पूजा हुन्छ, जसलाई लक्ष्मीको रूप मानिन्छ । साँझमा लक्ष्मी पूजासँगै दीपावली गरी घर(घरमा समृद्धि र सौभाग्यको कामना गरिन्छ ।

**गोरु तिहार र गोवर्धन पूजा** : चौथो दिन गोरु र गोवर्धन पर्वतको पूजा गरिन्छ । यो दिन खेतीपातीमा गोरुको योगदान र गोवर्धन पर्वतको महत्वलाई सम्झेर पूजा गरिन्छ ।

**भाइटीका** : भाइटिका नेपाली संस्कृतिको एक विशेष पर्व हो, जसले दाजुभाइ र दिदीबहिनीबीचको प्रेम, स्नेह, र सम्मानलाई प्रकट गर्दछ । तिहारको अन्तिम दिन मनाइने यो पर्वले परिवारभित्रको आत्मीयता र सम्बन्धलाई अझ बलियो बनाउँछ। दाजुभाइ र दिदीबहिनीबीचको सम्बन्धलाई सुदृढ गर्न भाइटिका महत्वपूर्ण भूमिका खेल्छ । यहाँ भाइटीकाको मुख्य महत्वहरूबारे चर्चा गरिएको छ :

### दाजुभाइ-दिदीबहिनीको स्नेह र बन्धन :

भाइटीकाको दिन दिदीबहिनीहरूले दाजुभाइको दीर्घायु, सफलता र खुसीको कामना गर्दै सप्तरङ्गी टीका लगाइदिन्छन्। यो टीका लगाउनुको साङ्केतिक महत्व भनेको सम्बन्धलाई बलियो बनाउनु, दाजुभाइलाई आशीर्वाद दिनु र एकअर्काप्रतिको स्नेहको प्रतीक हो । दाजुभाइहरुले पनि आफ्ना दिदीबहिनीहरुलाई उपहार दिएर उनीहरूको सम्मान गर्छन् । यसले दुईबीचको माया र बन्धनलाई अझै मजबुत बनाउँछ ।

### सकारात्मक ऊर्जा र दीर्घायूको कामना :

भाइटीका लगाउँदा प्रयोग गरिने विभिन्न रङहरु विशेष ऊर्जा र सकारात्मकताको प्रतीक हुन्छन् । यसले परिवारका सदस्यहरूको स्वास्थ्य, समृद्धि र दीर्घायुको कामना गर्दछ। टीका लगाउनुको धार्मिक मान्यता अनुसार यमराजको आशीर्वाद मिल्छ, जसले जीवनलाई दीर्घायु बनाउने विश्वास गरिन्छ ।

### सांस्कृतिक र पारिवारिक मूल्यहरूको सञ्जाल

भाइटीका संस्कारले नेपाली समाजमा पारिवारिक र सांस्कृतिक मूल्यहरु जोगाउने कार्य गर्दछ । हरेक वर्ष भाइटीकामा परिवारका सबै सदस्यहरू एकैठाउँमा भेला हुन्छन् र पुरानो सम्बन्धलाई पुनः ताजा बनाउँछन्। यस अवसरले परिवारमा सधैँ एकता, सहयोग र स्नेहलाई प्रवाह गरिरेहन्छ । यो परम्पराले दाजुभाइ-दिदीबहिनीबीचको सद्भाव कायम राख्न प्रेरणा प्रदान गर्दछे।

### धार्मिक र आध्यात्मिक महत्व :

धार्मिक दृष्टिकोणबाट भाइटीकाको विशेष महत्व छ। कथाअनुसार, यमराजले आफ्नी बहिनी यमुनाको घरमा टीका लगाएपछि मात्र मृत्युलोक फर्किएका थिए र त्यसदिन यमुनाले आशीर्वाद दिएकाले दाजुभाइको दीर्घायु भयो भन्ने मान्यता छ । यस कथालाई आधार मानेर दिदीबहिनीहरुले आफ्ना दाजुभाइलाई टीका लगाई यमराजबाट सुरक्षा र दीर्घायुको कामना गर्दछन् ।

### समाजमा भाइचारा र सहयोगको भावना

भाइटिकाको पर्वले समाजमा भाइचारा र सहयोगको भावना प्रवर्धन गर्न भूमिका खेल्छ। परिवार, छरछिमेक र समाजका अन्य सदस्यहरूसँग पनि हर्षोल्लासका साथ यो चाड मनाइन्छ । यसले सामाजिक सम्बन्धलाई अझै मजबुत बनाउँछ र एकअर्काप्रतिको सहयोगको भावना अभिवृद्धि गर्दछ ।

### स्नेहको प्रतीक उपहारहरू :

भाइटीकामा दिदीबहिनी र दाजुभाइबीच उपहार आदान(प्रदान गर्ने परम्परा छ। दाजुभाइहरूले दिदीबहिनीलाई उपहार दिएर उनीहरूको माया र सम्मान प्रकट गर्छन् । यी उपहारहरूले स्नेह र प्रेमलाई अझ सुदृढ बनाउँछ र भाइटीका पर्वलाई अझ उल्लासमय बनाउँछ ।

### सांस्कृतिक धरोहरको जगेर्ना

भाइटीका नेपाली समाजको सांस्कृतिक सम्पदाको एक अंश हो, जसले हाम्रो परम्परा, धार्मिक मान्यता र मूल्यहरुलाई जोगाइराख्न महत्वपूर्ण योगदान पुर्याउँछ। हरेक वर्ष यो पर्वलाई सान र सम्मानका साथ मनाउनु हाम्रो सांस्कृतिक जगेर्नाको एउटा उदाहरण हो ।

अन्तत : भाइटीका केवल एउटा चाड मात्र नभई हाम्रो सांस्कृतिक र पारिवारिक पहिचानको प्रतिविम्ब हो । यसले परिवारलाई एकताबद्ध गर्न, स्नेह र प्रेमको बन्धनलाई अझ मजबुत बनाउन र नेपाली समाजमा आपसी सहयोग र सद्भावको भावना विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

मेरा लागि तिहार सधैँ उत्साहको चाड हो । बाल्यकालमा तिहारको मुख्य आकर्षण भनेको दीपावली थियो । हामी परिवारका सबै सदस्यले घर सफा गरेर दीप जलाउने, घरको झ्याल र ढोका रङ्गीचङ्गी बत्तीले सजाउने अनि लक्ष्मी पूजा पछि पिङ खेल्न र देउसीभैलो खेल्न जान्थ्यौँ। तिहारमा घरको माहोल रमाइलो र झनै न्यानो लाग्दथ्यो ।

सबभन्दा मन पर्ने पल भनेको भाइटीकाको दिन हो । दिदीहरूले टीका लगाइदिँदा अनि माया र स्नेहका साथ मिठाई खुवाउँदा त्यो पल मेरा लागि सधैँ विशेष हुन्छ। दाजुभाइ र दिदीबहिनीबीचको यो सम्बन्ध अझ बलियो बनाउन तिहारले महत्वपूर्ण भूमिका खेल्छ ।

हरेक वर्षको तिहारले मलाई परिवार, संस्कृति र परम्पराप्रतिको प्रेमलाई झनै बलियो बनाउँछ ।

तिहारसँग जोडिएका मेरा अनुभवहरू धेरै छन्, जसले बाल्यकालदेखि वर्तमानसम्मका थुप्रै रमाइला क्षणहरू सम्झाइरहन्छन् ।

**भैलो खेल्ने अनुभव** : बाल्यकालमा साथीसँग मिलेर भैलो खेल्न जानु तिहारको सबैभन्दा रमाइलो भाग थियो । गाउँभरि विभिन्न घरमा गएर गीत गाउँदा, तिनीहरूले दिने पैसा, मिष्ठान्न, फलफूलले हाम्रो खुसी अझै बढाउँथ्यो । साथीहरूसँग हातमा मादल, घुङ्गुरु र पिङका गीत गाउन पाउँदा त्यो अनुभव एकदमै रोमाञ्चक हुन्थ्यो । एक दिनमा सकेसम्म धेरै घरमा पुग्ने प्रतिस्पर्धा नै बन्थ्यो !

**दीप जलाउने रमाइलो** : तिहारमा घरभरि दीप बाल्नुपर्ने कुराले साँच्चै विशेष माहोल बनाउँथ्यो । बुबा र दाजुहरूले तेल र बत्ती तयार पारेर घरको हरेक कुना(कुनामा दीप जलाउनुहुन्थ्यो भने हामी साना भए पनि कतै दीपलाई नबुझ्ने गरी राख्न ध्यान दिन्थ्यौँ । बाहिरबाट घर हेर्दा जताततै दीपको उज्यालोले झलमलाइरहेको दृश्य आज पनि म आँखामा देख्छु ।

**लक्ष्मी पूजामा सहभागी** : लक्ष्मी पूजाको तयारी गर्ने जिम्मा प्राय: आमाको हुन्थ्यो । उहाँले माटोको लक्ष्मीको मूर्ति तयार गर्नुहुन्थ्यो र सबैले सामूहिक रूपमा पूजा गरिन्थ्यो । बुबाले पुराणको कथा सुनाउनुहुन्थ्यो जसले लक्ष्मी पूजाको महत्वबारे बुझ्न म सानैदेखि अभ्यस्त भएँ । पूजामा हामीले राम्रा नयाँ कपडा लगाएर सामूहिक रूपमा बस्नु, पूजा गर्नुपछि मिठाइ बाँड्नु तिहारको अर्को सुन्दर पक्ष थियो ।

भाइटीका भनेको मेरा लागि खासै भावनात्मक दिन हो । दिदीहरूले मलाई प्रेमपूर्वक टीका लगाउँदा सधैँ गर्व र कृतज्ञता महसूस गर्थें । कहिलेकाहीँ पुराना लुगा लगाएर दिदीहरूलाई चकित पार्ने योजना बनाइन्थ्यो अनि पछि सबै मिलेर रमाइलो गरिन्थ्यो । दिदीहरूले लगाउने लामो माला, सप्तरङ्गी टीका र मिठो भोजनले त्यो दिन अझ विशेष बनाउँथ्यो ।

तिहारको बेला नयाँ परिकार बनाउनुपर्ने चलन छ। विशेषगरी मिठाइ, सेलरोटी, पत्रे, खजुरी, अनरसा र फुलौराको स्वाद सधैँ नयाँ र उत्साहित पार्ने खालको हुन्छ । दिदीहरुले तिहारमा बनाउनु भएको सेलरोटी र घिउको स्वाद अहिले पनि जिब्रोमा नै छ । कहिलेकाहीँ आफैँले पनि मिठाइ र रोटी बनाउने प्रयास गर्थें, जुन सधैँ सफल नभए पनि त्यो अनुभव रमाइलो हुन्थ्यो ।

तिहारको रमाइलो, परिवारसँगको न्यानो सम्बन्ध र हाम्रो सांस्कृतिक परम्परामा टेकेर रमाउन पाउनु मेरा लागि निकै भाग्यको कुरा हो ।

*हेटौंडा-४*

# यस्तो छ धनतेरसको पूजा विधि : कस्तो धनमाल जोड्नु शुभ मानिन्छ ?

*या देवी सर्वभूतेषु लक्ष्मीरुपेण संस्थिता ।*
*नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः।।*

हिन्दु धर्ममा धनतेरसलाई विशेष गरी धन र समृद्धिको पर्वको रूपमा मान्ने गरिन्छ । "धन" भनेको सम्पत्ति भन्ने बुझिन्छ र "तेरस" भनेको त्रयोदशी तिथि हो, यी दुई शब्द मिलेर धनतेरस शब्द बनेको हो । जसलाई हामी कात्तिक कृष्णपक्षको त्रयोदशी तिथिमा मनाउँछौं ।

यसै दिन बेलुकाबाट यमदीपदान सुरु हुन्छ । यस दिनलाई धन त्रयोदशी वा धनतेरस भनिन्छ । तिहारको पाँच दिन यमराजसँग बढी सम्बन्धित भएको हुनाले तिहारको पाँच दिनलाई यमपञ्चक भनिएको हो। परिवारमा जति पनि सदस्य छन्, तिनको नाम लिएर प्रत्येक दिन साँझमा दक्षिणतर्फ फर्केर यमदीपदान गर्ने परम्परा छ। यसो गर्नाले परिवारमा सुख, शान्ति र पारलौकिक सद्गति पनि प्राप्त हुने शास्त्रमा उल्लेख गरिएको छ ।




धनतेरसका दिन देवी लक्ष्मीजीको विशेष पूजा श्रद्धा र भक्तिपूर्वक आफ्नो गच्छेअनुसार गर्नुपर्छ । यस दिन घरमा सरसफाइ गरी लक्ष्मीपूजाको तयारी गरिन्छ, ताकि लक्ष्मी घरमा बास गरुन् र परिवारमा समृद्धि होस् । धनतेरसमा विशेषगरी चाँदी, सुन, भाँडा र अन्य मूल्यवान् वस्तुहरू साथै कौडी, कमल गट्टा, बेसारको पन्ना, कुचो, बिमिरो, धनियाँको दाना, पदचिह्न, तोरण, स्वस्तिक, श्रीयन्त्र, लावा, रातो कपडा, पान आदि किन्न शुभ मानिन्छ । जसलाई लक्ष्मीको प्रतीक मानिन्छ र यस दिनको

...बाँकी पृष्ठ ३ मा

# गोलभैँडाको थोक मूल्य प्रतिकेजी ११०

समाज संवाददाता

हेटौँडाः हेटौंडामा तरकारीको भाउ सामान्य ओरालो लागेको छ । सोमबार काउली, हरियो साग, हरियो खुर्सानी, हरियो धनिया, गोलभैँडा, तन्ने बोडी, करेलाको भाउ घटेको छ भने आलु, घिउ सिमी, मकै बोडी, गाजर, हरियो फर्सी, लौका, च्याउ लगायतका तरकारीहरुको यथावत रहेको छ ।

नेपाल फलफुल तथा तरकारी व्यवसायी संघ मकवानपुरका सल्लाहकार तथा थोक बिक्रेता बद्री घिमिरेका अनुसार काउली आइतबारको तुलनामा १० रुपैयाँ घटेर प्रतिकेजी ८० रुपैयाँमा बिक्री भएको छ । त्यस्तै गोलभैँडा किलोमा २५ रुपैयाँ घटेर १०८ देखि ११० रुपैयाँ, हरियो साग मुठामा ५ रुपैयाँ घटेर प्रतिमुठा २० रुपैयाँ, हरियो धनिया किलोमा ५० घटेर १५० रुपैयाँ, करेला प्रतिकेजी १० रुपैयाँ घटेर ६० रुपैयाँमा थोकबजारमा बिक्री भइरहेको हो ।

अघिल्लो साता अचाक्ली महँगो भएको तरकारीको मुल्यमा अहिले गिरावट आएको छ । अहिले हरेक स्थानीय बजारमा तरकारीको उत्पादन बढेकाले तरकारीको भाउ घटेको हो । यो क्रम तिहारपछि भने झनै ओरालो लाग्ने व्यवसायीहरुले बताएका छन् ।

## यस्तो छ धनतेरसको...

किनमेलले समृद्धि बढ्ने विश्वास गरिन्छ ।

धनतेरसको बेलुका यमराजको लागि दीपदान गर्ने चलन छ, जसले मृत्युका देवता यमराजबाट आफ्नो परिवारलाई सुरक्षा मिलोस् भन्ने कामना गरिन्छ । विशेषगरी घरको मुख्य ढोका र आँगनमा दियो बालेर सजाइन्छ । यसै दिन भगवान धन्वन्तरीको जन्म भएको दिन पनि मानिन्छ, जो आयुर्वेदका देवता र स्वास्थ्यको संरक्षक हुन् । तसर्थ, यस दिन स्वास्थ्य र दीर्घायुको कामना गर्दै भगवान विष्णु स्वरुप धन्वन्तरीको पूजा पनि गरिन्छ । धनतेरस तिहारको उत्साहको सुरुवात हो, जहाँ मानिसहरुले नयाँ उमङ्ग र आशाका साथ लक्ष्मीको स्वागत गर्छन् र सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि प्रार्थना गर्ने गरिन्छ ।

पौराणिक कथा अनुसार समुद्र मन्थनबाट जब लक्ष्मीदेवी प्रकट भइन्, त्यो दिन कात्तिक कृष्ण त्रयोदशी आजकै दिन थियो । यसै दिनलाई लक्ष्मीको आगमनको प्रतीक मान्दै धनतेरसमा नयाँ वस्तु खरिद गरी घरमा लक्ष्मीलाई स्वागत गर्ने परम्परा चलेको हो र यसले घरमा धन, समृद्धि र शान्ति ल्याउँछ भन्ने विश्वास गरिन्छ । धनतेरसको हार्दिक शुभकामना । *(स्रोतः अनलाईनखबर)*

## कार्यालयमा सिए...

मागदावी गर्न समितिको सम्पर्कमा आइरहेको उहाँले बताउनुभयो । समितिका सदस्य यतिराज सापकोटाका अनुसार ३५ दिने सूचनाका आधारमा हालसम्म एक हजार बचतकर्ताहरुले प्रमाणसहित रकम फिर्ताका लागि मागदावी गरेका छन् । २ हजार ५ सय बढी सदस्यहरु रहेको सिभिलका एक हजार सदस्यहरुले ५ अर्ब रुपैयाँ बढीको मागदावी प्राप्त भएको उहाँले बताउनुभयो । सबै सदस्यहरुले मागदावी पेश गर्दा सिभिलको करिव ८ अर्ब रुपैयाँको दायित्व देखिन सक्ने अनुमान रहेको उहाँले जानकारी दिनुभयो ।

प्रदेश सहकारी ऐन २०७६ को दफा ८१ बमोजिम समस्याग्रस्त घोषित सहकारी संस्थाका ऋृणीहरुलाई ऋृण तिर्न आग्रह गर्दै समितिले गत साउन ७ मा सूचना प्रकाशन गरेको थियो । संस्थाबाट उपभोग गरेको ऋृण कर्जा रकमको साँवा व्याज ३५ दिनभित्र समितिको बैंक खातामा जम्मा गरी कर्जा राफसाफ गर्न सूचना गरेको थियो । समितिले सूचना जारी गरेको समय सिमा भित्र ऋृणीहरुले खासै चासो व्यक्त गरेनन् ।

समितिका सदस्य सापकोटाका अनुसार सूचना प्रकाशन गरेदेखि हालसम्म ऋृणीहरु सम्पर्कमा आएका छैनन् । एकाध समस्यामा परेका र साना ऋृणीहरुले बाधा फुकाउन समितिमा सम्पर्क गरेको उहाँले बताउनुभयो । ऋृणीहरु सम्पर्कमा नआएपछि समितिले सहकारीको बचत तथा ऋृण प्रवाहसम्बन्धी सफ्टवेयरको खोजी गरेको उहाँले बताउनुभयो । सो सफ्टवेयर पनि फेला नपरेपछि सिआइवीको प्रतिवेदनको आधारमा प्राप्त ऋृणीको नामावली र सम्पर्क नम्बर अनुसार तीन पुस्ते विवरण निकाल्न दुरसंचारलाई पत्राचार गरिएको सदस्य सापकोटाले बताउनुभयो । समितिको पत्राचार अनुसार दुरसंचारले ऋृणीहरुको नामावली र सम्पर्क नम्बर अनुसार तीनपुस्ते विवरण तयार गरिरहेको उहाँको भनाई छ ।

### समितिको खातामा ५८ लाख रुपैयाँ जम्मा

समितिले ऋृणी खोज्ने क्रममा साना तथा सामान्य रकमका लागि धरौटी राखेका ऋृणीहरुबाट ५८ लाख रुपैयाँ संकलन गरेको छ । समितिले ऋृण लिएर बसेका तर, ऋृण तिर्न अन्योल भएर बसेका ऋृणीहरुबाट सो रकम जम्मा गरिएको हो । सदस्य सापकोटाका अनुसार हालसम्म करिव १० जना साना तथा सामान्य रकमका लागि धरौटी राखेका व्यक्तिहरुले समितिको खातामा रकम जम्मा गरेर कर्जा चुक्ता गरेका हुन् । सहकारीबाट ऋृण लिएका एक व्यक्तिले समितिको खातामा रकम जम्मा गरेर आफूले राखेको धरोटी वापतको जग्गा समेत फुकुवा गरेको सदस्य सापकोटाले बताउनुभयो । सहकारीबाट ऋृण लिएका ठुला ऋृणीहरु सम्पर्कमा नआएको उहाँले जानकारी दिनुभयो । समितिले थप प्रमाण र सहजीकरणका लागि विशेष अदालत र काठमाडौं जिल्ला अदालतमा दर्ता भएको मुद्दाको फाइल समेत माग गरेको छ । दुवै अदालतलाई पत्राचार गरेर समितिले ऋृणी तथा बचतकर्ता र सहकारीको सम्पत्तिका विषयमा अध्ययन गरिरहेको उहाँले बताउनुभयो ।




## कमाने एकेडेमीको वार्षिक खेलकुदको पहिलो दिनको दृश्यहरु...








# सहकारी पीडितको न्यायका लागि विरोध: सांसद कंसाकार

समाज संवाददाता

हेटौंडाः प्रतिनिधिसभा सदस्य बिन्दबासिनी कंसाकारले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको रिहाइका लागि मात्र नभई सहकारी पीडितको न्यायका लागि विरोध कार्यक्रमको आयोजना गरेको बताउनुभएको छ । सोमबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जिल्ला कार्यसमिति मकवानपुरले हेटौंडामा आयोजना गरेको बिरोध र्‍यालीलाई सम्बोधन गर्नुहुँदै सांसद कंसाकारले पार्टीका केन्द्रीय सभापति रवि लामिछानेलाई सरकारले राजनीतिक प्रतिशोधका लागि पक्राउ गरेको बताउनुभएको हो ।

सांसद कंसाकारले सभापति लामिछनेको विरुद्धमा दुई तिहाइको सरकारले आन्दोलन चर्काउने काम गरिरहेको बताउनुभएको छ । राजनैतिक प्रतिशोध, अनियमिता, बेथिति र भ्रष्टाचार बिरुद्धको खबरदारी तथा विरोध कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कंसाकारले लामिछानेलाई पक्राउ गरेर लगिएको अदालतमा हातहतिरयार लिएर गएर गैरकानुनी काम गरेको आरोप लगाउनुभयो ।

दुई तिहाइको सरकारले वास्तविक सहकारीको ठगी गर्नेको खोजी नगरेर लामिछानेलाई फसाउने काम गरिरहेको उहाँले जिकिर गर्नुभयो । रास्वपाले संविधान मानेर अगाडि बढ्ने काम गरिरहेको उहाँले बताउनुभयो । भ्रष्टाचारी दुई तिहाइको सरकारको कारणले लामिछानेलाई सहकारीको रकम अपचलन गरेको आरोप लगाइएको उहाँको भनाइ छ ।

रास्वपा राक्सिराङ गाउँपालिका सभापति राजन मल्लले सहकारीको रकम ठगीको आरोपमा पार्टीका अभिभावक लामिछानेलाई फसाउने काम गरेको धारणा राख्नुभयो । सबैजना मानिसहरु एकजुट भएर यस्ता प्रकारका नकारात्मक कार्यलाई बन्द गर्ने कार्यमा लाग्नुपर्ने उहाँले बताउनुभयो । वास्तविक अपराधीलाई पक्राउ गरेर लामिछानेलाई न्याय दिन सबै लाग्नुपर्ने उहाँको भनाइ छ ।

पार्टीका नगर कमिटी विभागका प्रमुख विशालराज महतले पार्टी स्थापना भएको २ वर्षको अवधिमा धेरै कामहरु गरेको बताउनुभएको छ । महतले झुटो आरोप लगाउनका लागि सहकारी छानविन समिति गठन गरिएको बताउनुभयो । लामिछानेले पार्टीको माध्यमबाट भ्रष्टाचार, अनियमिता लगायतका कार्यलाई हटाउने काममा लागि परेको उहाँको भनाइ छ । वास्तविक अपराधीलाई छोडेर एकलौटी ढंगबाट लामिछानेलाई मात्र छानविन गर्ने कार्य गरेको उहाँको धारणा छ । गैरकानुनी ढंगबाट सम्पत्ति कमाउनेहरुको छानविन कार्य नभएको उहाँले बताउनुभयो ।

हेटौंडा-१० स्थित भूटनदेवी मन्दिर रोडबाट सुरु भएको विरोध र्‍याली सोलिड्यारिटी बोर्डिङ, हेटौंडा अस्पताल, राप्तीरोड, बुद्धचोक, होटल लोकप्रिय, मानसचोक, कांग्रेसचोक, कान्तिलोकपथ हुँदै स्कुलरोडमा पुगेर कोणसभामा परिणत भएको थियो । विरोध प्रदर्शनमा करिब एक हजार मानिस सहभागी भएका थिए । मंगलबार काठमाडौंमा विरोध प्रर्दशन हुने बताइएको छ । केन्द्रीय सभापति लामिछानले पक्राउ परेको विरोधमा विभिन्न जिल्लामा विरोध प्रर्दशन गरिएको छ ।

# गण्डकी समाजको शुभकामना तथा चियापान

समाज संवाददाता

हेटौंडाः गण्डकी समाज मकवानपुरको शुभकामना तथा चियापान कार्यक्रम सम्पन्न भएको छ । सोमबार एक कार्यक्रमका बीच शुभदीपावली, नेपाल सम्वत एवम् छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गरेको समाजका संस्थापक कार्यसमिति सदस्य ज्ञानबहादुर शर्माले जानकारी दिनुभयो ।

कार्यक्रमको उद्घाटन बागमती प्रदेशका प्रमुख सचिव डा. हरि लम्सालले गर्नु भएको थियो । कार्यक्रममा समाजका उपाध्यक्ष हरिमाया ढकालले स्वागत मन्तव्य रख्नुभएको थियो । कार्यक्रममा बागमती प्रदेशको सदरमुकाम हेटौंडामा कार्यरत राष्ट्रसेवक कर्मचारी, शिक्षक, प्रधानाध्यापक लगायत हेटौंडामा स्थायी/अस्थायी बसोबास गरी विभिन्न पेशा, व्यवसायमा संलग्न व्यक्ति र शुभचिन्तकको उपस्थिति रहेको थियो ।

## २ जना मृत फेला

# करेन्ट लागेर एकजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लामा २ जना मृत फेला परेका छन् भने सिन्धुली जिल्लामा एकजनाको करेन्ट लागेर मृत्यु भएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारी अनुसार आइतबार चितवनको भरतपुर महानगरपालिका-५, गुलाबबागमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा नवलपरासीको देवचुली नगरपालिका-७ का ५१ वर्षीय मित्र बहादुर केसी रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार बिहान ९ बजेको समयमा केराबारीमा केसी मृत अवस्थामा फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

चितवनको ईच्छाकामना गाउँपालिका-४, लेवाटारस्थित त्रिशुली नदि किनारमा एक जना पुरुषको शव फेला परेको छ । आइतबार अन्दाजी ४० वर्षीय पुरुषको शव फेला परेको प्रहरीले जानकारी दिएको छ । शवको सनाखत हुन सकेको छैन । यस्तै सिन्धुली जिल्लाको फिक्कल गाउँपालिका-५ नारिण खोलामा करेन्ट लागेर एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ६४ वर्षीया अम्बिका तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । आइतबबार तामाङ बास, टाटी र फुसको छानो भएको एक तले आफ्नो घर अगाडिको ढोकामा रहेको पहेँलो रेशिम तारबाट करेन्ट लागेर मृत अवस्थामा फेला परेकी थिइन् । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल सिन्धुली लगिएको प्रहरीले जनाएको छ ।

# कमाने एकेडेमीको वार्षिक खेलकुद कार्यक्रम सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, कमानेस्थित कमाने एकेडेमीको वार्षिक खेलकुद कार्यक्रम सुरु भएको छ । सोमबारबाट हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा सुरु भएको प्रतियोगिता बुधबार समापन हुनेछ । प्रतियोगिताको उद्घाटन कार्यक्रममा मार्चपास, खुकुरी, बिल्ट एरोबिक लगायतको प्रस्तुती गरिएको थियो ।

खेलकुद कार्यक्रम अन्तर्गत फुटबल, बास्केटबल लगायतका खेलहरु सम्पन्न भइसकेको खेलकुद संयोजक नविन कठायतले जानकारी दिनुभएको छ । सोमबार १०० मिटर दौड, सटफुट ज्याभलिङ थ्रो, ४ गुणा १०० मिटर दौड लगायतका खेलहरु सम्पन्न भएको संयोजक नवीन कठायले बताउनुभयो । एकेडेमीले आयोजना गरेको प्रतियोगितामा कक्षा-१ देखि कक्षा-१० सम्मका निलो, कलेजी, पहेँलो र हरियो सदनका विद्यार्थीको सहभागिता रहेको छ ।

विद्यार्थीलाई पढाई सँग-सँगै मनोरञ्जन गराउन, उनीहरुको रुचि, क्षमतालाई प्रदर्शन गर्ने र खेलकुदको महत्वबारे बुझाउने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको उहाँले बताउनुभयो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने सदनले समापन कार्यक्रममा क्रमशः स्वर्ण, रजत र काँस्यपदक सहित प्रमाणपत्र प्राप्त गर्नेछन् । कमाने एकेडेमीकी प्रिन्सीपल प्रतिभा डंगोलको सभाध्यक्षमा भएको उद्घाटन कार्यक्रममा पिप्ले युवा क्लबका अध्यक्ष सुविन घिमिरे, मकवानपुर बालविद्या सदनका प्रिन्सीपल सुदीप राज गिरी र ८ नम्बर खेलकुद विकास समितिका अध्यक्ष उमेश थापा मगरको विशिष्ट आतिथ्य रहेको थियो ।

# वडा ११ मा टोलस्तरीय भलिबल प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौंडाः दुम्सीडाँडा टोल विकास संस्थाको आयोजनामा तथा हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडा कार्यालयको मुख्य प्रायोजनमा टोलस्तरीय वडाध्यक्ष कप भलिबल प्रतियोगिता सुरु भएको छ । हेटौंडा-११ स्थित डाङ्डुङ्गे खेलमैदानमा सुरु भएको आठौं संस्करणको टोलस्तरीय रनिङ शिल्ड भलिबल प्रतियोगिताको उद्घाटन खेलमा आयोजक दुम्सीडाँडा टोल विकास संस्था 'सी' ले विजयी सुरुवात गरेको छ ।

उद्घाटन खेलमा आयोजकले तल्लोताल टोललाई २-१ सेटले पराजित गरेको हो । पहिलो सेटमा २५-२२ ले तल्लोताललाई पराजित गरेको दुम्सीडाँडा दोस्रो सेटमा २२-२५ ले तल्लोतालसँग पराजित हुनुपरेको थियो । तर, तेस्रो सेटमा १५-१२ ले दुम्सीडाँडाले सहजै तल्लो ताललाई पराजित गरेको हो ।

दोस्रो खेलमा सहिद स्मारक टोल विकासको टिम उपस्थिति नभएपछि गणेश स्थान टोल विकास स्वतः विजयी घोषित भएको थियो । यस्तै, तेस्रो खेलमा आयोजक दुम्सीडाँडा 'बी' लाई २-० को सोझो सेटले हराउँदै कृष्ण मन्दिर वियजी भएको छ । कृष्ण मन्दिरले दुम्सीडाँडालाई २५-१० र २५-२१ ले पराजित गरेको हो । चौथो खेलमा डाङडुङ्गे टोल विकास संस्थालाई २-१ को सेटले आयोजक 'ए' ले पराजित गरेको छ । आयोजक 'ए'ले डाङ्डुङ्गेलाई २५-१८, २०-२५ र १५-८ ले पराजित गरेको हो ।

दुम्सीडाँडा टोलका अध्यक्ष शिवप्रसाद अगस्तीको सभाध्यक्ष तथा वडा अध्यक्ष जुना दहालको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन कार्यक्रम भएको हो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै वडा अध्यक्ष दहालले वडा कार्यालयले खेललाई प्राथमिकता दिँदै आएको बताउनुभएको छ । ११ नम्बरलाई खेलकुदको माध्यमबाट उच्च देखाउन आफू पछि नपर्ने उहाँको भनाइ थियो ।

प्रतियोगितामा ११ नम्बर वडाभित्रका ८ वटा टोलहरुको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा तृतीय हुने टिमले १० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।

विधागततर्फ उत्कृष्ट खेलाडी, उदीयमान खेलाडी, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट सेटर, उत्कृष्ट ब्लकर र उत्कृष्ट स्पाइकरलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जानकारी दिएको छ । प्रतियोगिता आयोजनाका लागि करिब २ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

# जिल्लास्तरीय कविता प्रतियोगितामा १० जना छानिए

समाज संवाददाता

हेटौंडाः जिल्लास्तरीय कविता प्रतियोगितामा १० जना छनोट भएका छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११६ औं जन्मजयन्तीको अवसरमा कार्तिक १५ गते हुन लागेको कविता प्रतियोगितामा उत्कृष्ट १० जना कविको कविता छनोट भएको हो ।

साहित्य संगम मकवानपुरका सचिव मनोज पोखरेलले एक सूचना जारी गर्नुहुँदै त्रिभुवन माध्यमिक विद्यालयको प्राङ्गणमा हुने प्रतियोगिताका लागि प्राप्त ३६ जनामध्ये १० जना प्रतियोगी छनोट भएको जानकारी दिनुभएको छ । छनोट हुनेहरुमा कृष्णचन्द्र काफ्ले, कृष्मा लौंडारी, देविना सञ्जेल, रोशिका भट्टराई, विप्लभ आचार्य, विविसा रुम्बा, विश्व अधिकारी, सरोजप्रसाद साह, सुमिना दहाल र सुमी थिङ रहेका छन् । छनोट भएका प्रतियोगीहरुले हेटौंडा-११ स्थित त्रिभुवन माविको प्राङ्गणमा कविता वाचन गर्नुपर्ने सूचनामा उल्लेख गरिएको छ ।

प्रतियोगितामा सहभागीमध्ये उत्कृष्ट ३ जना कविलाई ३ हजार रुपैयाँ र एक जनालाई प्रोत्साहनस्वरुप १ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिनेछ । कविता प्रतियोगिताकै दिन साहित्यकार माधव पोखरेललाई सम्मान गरिनेछ । प्रतियोगिताअघि महाकवि देवकोटाको मूर्तिमा माल्यार्पण गरिनेछ ।

# गढीको आठौँ प्रमुख प्रशासकीय अधिकृतमा लामिछाने

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा सुधन लामिछानेले जिम्मेवारी सम्हाल्नु भएको छ । आइतबार गाउँपालिकामा उपस्थित भएर लामिछानेले जिम्मेवारी सम्हाल्नु भएको पालिकाका अधिकृत र घुनाथ हुमागाईले जानकारी दिनुभयो ।

लामिछानेलाई गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान र उपाध्यक्ष मान कुमारी पाखिनले स्वागत गर्नु भएको थियो । लामिछाने मकवानपुरगढीको आठौं प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ । लामिछाने यसअघि बारा जिल्लाको विश्रामपुरमा कार्यरत रहनु भएको थियो ।

गत असोज ६ गतेदेखि मकवानपुरगढी प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको थियो । यसअघिका प्रमुख प्रशासकीय अधिकृतमा नवीन गङ्तान लामा रहनु भएको थियो । गत जेठ ६ गते प्रमुख प्रशासकीय राजेन्द्र काकी सरुवा भएपछि आउनुभएका लामा असोज ६ गतेबाट पालिकामा अनुपस्थित रहनुभयो । आइतबार लामिछानेलाई स्वागत गरेसँगै लामालाई पनि विदाई गरिएको हुमागाईले जानकारी दिनुभयो । लामा मकवानपुरगढीबाट सरुवा भएर संघीय उद्योग मन्त्रालय जानुभएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

हार्दिक बधाई



मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रजिष्टार नियुक्त हुनुभएका भीमसागर गुरागाईलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

मकवानपुर टेक्निकल ईन्स्टिच्युट परिवार
हेटौंडा-५, मकवानपुर

डिप्लोमा मेडिकल ल्याब टेक्नोलोजी र डिप्लोमा फिजियोथेरापी पूनः प्रवेश परिक्षा फारम सम्बन्धि सूचना

यस मकवानपूर टेक्निकल ईन्स्टिच्यूट हेटौडामा शैक्षिक सत्र २०८१/०८२ का लागि डिप्लोमा मेडिकल ल्याब टेक्नोलोजी र डिप्लोमा फिजियोथेरापी संकायमा केहि सिट रिक्त रहन गएकोले पूनः प्रवेश परीक्षाको फारम खुलेको हुनाले मिति २०८१/०७/१३ गते देखि २०८१/०७/२८ गतेका दिन बेलूकी ५ बजे भित्र परीक्षा फारम बुझाउन हुन जानकारी गराईन्छ । साथै २०८१ सालमा संचालित SEE पुरक परीक्षामा उत्तीर्ण भएका विधार्थीहरु समेत पूनः प्रवेश परिक्षामा सहभागी हुन पाउनेछन् ।

मकवानपुर टेक्निकल ईन्ष्टिच्यूट
हेटौडा
सम्पर्क : ०५७-५२१८५२, ९८५५०१२८५२

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

